त्रियुगा नगरपालिकाको निर्देशिका न.

# ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मितिः – २०७५।०९।०४

त्रियुगा नगरपालिका

गाईघाट, उदयपुर

त्रियुगा नगर कार्यपालिकाको मिति २०७५।०९।०४ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ।

विदुर प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

# जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७५

**१. परिचय :**

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान , शिप , क्षमता र अनुभवको सदुपयोग गरि निझारुप्रती श्रद्धा आदार तथा सदभाब अविबृद्दि गर्न साथै राज्यद्वारा नागरिकको सेवा एबम सुविधा उचित व्यवस्थापन गरि नेपालको संबिधानको अनुसूची - ८ को क्र सं . १६ अधिकारको कार्य गर्न जेष्ठ नागरिक परिचय- पत्र वितरण निर्देशिका २०७५, जारि गरिएको छ ।

**२. परिचय - पत्र वितरणका आधार**

नेपालको संविधानको धारा ४१मा उल्लेख भएबमोजिमजेष्ठ नागरिकको हक,जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकरुलाइ परिचय पत्र दिने व्यबस्था लगायत जेष्ठ नागरिक परिचय-पत्र वितरण आधार हुनेछन ।

**३. उद्देश्य:**

क) जेष्ठनागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नैजेष्ठ नागरिकहरुको लागत राखने ।

ख) नेपालको संबिधान अनुसार प्रदत्तजेष्ठ नागरिकहरुको हक अधिकार सुनिस्चित गर्न र जेष्ठ नागरिकको वर्गीकरण अनुसार सार्बजनिक सवारी साधन , सार्बजनिक कार्य , स्वास्थ्यसेवा , धार्मिक तथा सार्बजनिक स्थलमाजेष्ठ नागरिकहरुलाई आवस्यक सेवा, सुभिधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित एन , नियम अनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा , न्याय ,अधिकार र समानता प्रदान गरि निजरुमा रहेको ज्ञान , शिप , क्षमता र अनुभवको सदुपयोग गरि विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :**

जेष्ठ नागरिक सम्बन्धि ऐन , २०६३ ले परिभाषित गरे अनुसारको साठी वर्स उमेर पुरा गरेका सबै नेपाली नागरिक हरु ।

[illegible] नगर कार्यपालिकाको मिति २०७५।०९।०४ गतेको
निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु।

विदुर प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

**५.जेष्ठ नागरिकको बर्गिकरण :**

जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १४को उपनियम (१)बमोजिम जेष्ठ नागरिक हरुकी बर्गिकरण देहाय बमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पुरा नगरेकोजेष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको बरिस्ठजेष्ठ नागरिक,

(ग) असहाय जेष्ठ नागरिक

(घ) असक्त जेष्ठ नागरिक

**६. परिचय - पत्र वितरणका मापदण्ड:**

जेष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ बमोजीम ६० वर्ष उमेर पुगेका नेपाली नागरिक लाई मात्रजेष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिने छ ।

**७. जेस्ठ नागरिक परिचय पत्र को ढाचा :**

जेष्ठ नागरिक सम्बन्धि नियमावलि २०६५ को अनुसूची ३ बमोजिमको ढाचा लाइ नै आधार मानि जेष्ठ नागरिक परिचयपत्र को ढाचा यस निर्देशिकाको अनुसूची १ बमोजिमको हुनेछ ।जेष्ठ नागरिक परिचय पत्रको आकार नेपालि नागरिकताको प्रमाण- पत्र को आकार बराबरको हुनेछ

**८. परिचय पत्र वितरण प्रक्रिया:**

क) जेष्ठ नागारिक परिचय- पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वम वा निजको संरक्षक ले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनु पर्ने छ ।

ख) निवेदनमा आफनो उमेर खुलेको नागरिकताको प्रमाण पत्र को प्रतिलिपि र २ प्रति अटो साइजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्र लाइ आधार मानिनेछ ।

ग) जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारि स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय पत्र प्राप्तजेष्ठ नागरिक हरुको लगत तोकिए बमोजिमको सफ्टवेयर मा कम्पुटराइज गरि न .पा/ गा. पा को कार्यालय मा राखी वार्षिक रुपमा प्रदेश र संधको सम्बन्धित् मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

त्रियुगा नगर कार्यपालिकाको मिति २०७५।०९।०४ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विदुर प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

ङ) जेष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित् प्रहरी कार्यालयको सिफारिस वा वडा को सिफारिस सहित सम्बन्धित् स्थानीय तहमा निवेदन पेश गर्नु पर्नेछ ।

५. विविध

क )जेष्ठ नागरिक परिचयपत्र बितारणका लागि सम्बन्धित् स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख)जेष्ठ नागरिक परिचय पत्र निर्धारण सम्बन्धमा माथि उल्लेखित व्यबस्था बाहेक प्रचलित कानुन को अधिनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

त्रियुगा नगर कार्यपालिकाको मिति २०७५।०९।०४ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विदुर प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

ज्येष्ठ नागरिक परिचय-पत्रको ढाचा

ज्येष्ठ नागरिक परिचय- पत्र

ना. प नं:-

फोटो

नाम थर ..............................................................................

ना.प्र. नं:-.........................................

ठेगाना जिल्ला ..............................गा.पा/न पा.........................................................

वडानं.................................टोल/गाउँ..................................................

उमेर ...........................लिङ्ग...................................

उपलब्ध छुट तथा सुविधाहरु ....................................

पति /पत्नीको नाम.........................................................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण ..........................................................................................

संरक्षकको नाम, थर,सम्पर्क ठेगाना,

मोबाइलनं.........................................................................................................................................

..............................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम:.....................................................

.........................................................................................................................................

प्रमाणित गर्ने अधिकृतको :-

दस्तखतः

नाम थरः

पदः

कार्यालय

त्रियुगा नगर कार्यपालिकाको मिति २०७५।०९।०४ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गर्दछु ।

विदुर प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत